




# विरोध प्रदर्शन अवलोकनसम्बन्धी हाते पुस्तिका

एम्नेस्टी
इन्टरनेसनल

## विषय सुची

भाग १ शान्तिपूर्वक भेला हुन पाउने अधिकार..........................................१
भाग २ नेपालमा भेला हुन पाउने अधिकार सम्बन्धी कानुन.........................१०
भाग ३ विरोध प्रदर्शनलाई नियमन गर्ने विभिन्न सरकारी निकायहरूको पहिचान.१८
भाग ४ अवलोकनकर्ताको लागि आचारसंहिता........................................ २४
भाग ५ विरोध प्रदर्शन अवलोकन मार्गदर्शन............................................ ३३
भाग ६ नमूना विरोध प्रदर्शन अवलोकन फारम........................................३७

# भाग १ शान्तिपूर्वक भेला हुन पाउने अधिकार[1]

शान्तिपूर्वक भेला हुन पाउने अधिकार आफैंमा महत्त्वपूर्ण छ किनभने यसले आफ्नो वैयक्तिक स्वायत्तता अभ्यास गर्ने तथा अरूसँगको ऐक्यबद्धता अभिव्यक्त गर्ने व्यक्तिको क्षमतालाई संरक्षण गर्दछ। अन्य मानवअधिकारको माग र प्राप्तिका लागि पनि यो एउटा अमूल्य साधन हो।

## भेला

"भेला" भन्नाले आफूलाई अभिव्यक्त गर्न, कुनै विषयमा आफ्नो धारणा व्यक्त गर्न, सामूहिक ऐक्यबद्धता र पहिचान दाबी गर्न वा कुनै काम कारबाही वा परिवर्तन माग गर्नको निम्ति मानिसहरूको जमघट आयोजना गर्ने वा त्यसमा सामेल हुने कार्य भन्ने बुझिन्छ। भेलाले मनोरन्जनात्मक, सांस्कृतिक, धार्मिक वा व्यापारिक उद्देश्य पनि पूरा गर्न सक्दछ।

भेलाले प्रदर्शन, विरोध, बैठक, झाँकी, र्‍याली, धर्ना, द्वीप प्रज्वलन, *फ्ल्यास मब*जस्ता विभिन्न स्वरूप लिन सक्छ। भेला कुनै भवन भित्र वा बाहिर अथवा निजी वा सार्वजनिक परिसरमा हुन सक्छ। भेला स्थिर वा गतिशील हुन सक्छ। अनलाइन र अफलाइन वा भौतिक उपस्थिति दुवै मिश्रित *(हाइब्रिड)* भेलाहरूले समेत कानुनी सुरक्षा प्राप्त गर्दछन्।

शान्तिपूर्ण भेला हुन पाउने अधिकार वैयक्तिक अधिकार हो जसलाई सामूहिक रूपमा अभ्यास गरिन्छ। यद्यपि, एकल विरोध प्रदर्शनकारीले पनि विशेषगरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार लगायत कानुनी सुरक्षा प्राप्त गर्दछ।

## "शान्तिपूर्ण" भेला

शान्तिपूर्ण सभा भन्नाले त्यस्तो सभा हो जसमा सहभागीहरूले हिंसा प्रयोग गरेका हुँदैनन्। यसको मतलब यस्तो भेलाका सहभागीले चोटपटक लाग्ने, मृत्यु वा

---

[1] *मानवअधिकार समितिको साधारण टिप्पणी ३७ तथा एम्नेस्टी इन्टरनेसनलको ह्युमन राइट्स एकेडेमीको विरोध प्रदर्शन गर्न पाउने अधिकारसम्बन्धी अनलाइन कोर्समा आधारित।*

सम्पत्तिमा गम्भीर क्षति पुग्न सक्ने खालको भौतिक बल प्रयोग गर्दैनन्। यद्यपि, सवारीसाधन वा पैदल यात्रुको आवागमनमा अवरोध वा सामान्य धकेला-धकेललाई हिंसाको रूपमा लिईंदैन। साथै, सभा शान्तिपूर्ण हो वा होइन भन्ने बारे तथ्यगत उपशंका भएको अवस्थामा अधिकारीहरूले उक्त विरोध शान्तिपूर्ण रहेको अनुमान गर्नुपर्छ।

सभाका केही सहभागीहरूले हिंसाको प्रयोग गरेको विषयलाई अन्य शान्तिपूर्ण प्रदर्शनकारीहरू विरुद्ध बल प्रयोग गर्ने बहानाको रूपमा प्रयोग गर्नु हुँदैन। यदि अधिकारीहरूले निम्न कुराहरूको स्पष्ट तथा प्रदर्शनयोग्य प्रमाणहरू प्रस्तुत गर्न सकेमा मात्र सभाका निश्चित सहभागीहरूको आचरण हिंसात्मक मान्न सकिन्छ: (१) सहभागीहरूको कार्यले चोटपटक, मृत्यु वा सम्पत्तिमा गम्भीर क्षति हुने प्रबल सम्भावना छ, (२) सहभागीहरूले हिंसा भड्काइरहेको अवस्था छ, (३) सहभागीहरू हिंसात्मक कार्यहरू गर्ने मनसाय राख्दछन् अथवा (४) सहभागीहरूद्वारा हिंसात्मक कार्यहरूको प्रयोग सन्निकट छ।

विरोध प्रदर्शनका सहभागीहरूबाट हिंसा उत्पन्न भएको अवस्थामा मात्र उक्त विरोध प्रदर्शनलाई "हिंसात्मक" को संज्ञा दिन मिल्छ। अधिकारीहरूद्वारा सहभागीहरू विरूद्ध गरिएको हिंसा, घुसपैठियाहरूद्वारा गरिएको हिंसा, सहभागीहरू विरूद्ध सर्वसाधारणद्वारा गरिएको हिंसा वा सभा विरूद्ध प्रतिप्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरूद्वारा गरिएको हिंसाका कारण सभालाई "हिंसात्मक"को संज्ञा दिन मिल्दैन।

## शान्तिपूर्वक भेला हुन पाउने अधिकारउपर बन्देज

राज्यहरूले शान्तिपूर्ण भेलाहरूलाई निषेध गर्ने, प्रतिबन्ध लगाउने, अवरुद्ध पार्ने, तितरबितर पार्ने वा बिथोल्ने कार्य गर्नु हुँदैन। यस्तो भेलाका आयोजक तथा सहभागीहरू विरुद्ध कानुनी कारबाही गर्ने वा अन्य अनावश्यक हस्तक्षेप गर्ने कार्य गर्नु हुँदैन। शान्तिपूर्वक भेला हुन पाउने अधिकारमाथि लगाइने कुनै पनि बन्देजले निम्न शर्तहरूलाई कडाइका साथ पालना गरेको हुनुपर्छ। अन्यथा त्यस्ता प्रतिबन्धहरू शान्तिपूर्वक भेला हुन पाउने अधिकारको उल्लङ्घन हुन पुग्दछन् :

(१) **कानुनी आधारः** भेला हुने स्वतन्त्रतामाथि लगाइने कुनै पनि प्रकारको बन्देज राष्ट्रिय कानुनअनुरूप हुनुपर्छ। अर्थात् संसदबाट पारित प्राथमिक कानुनको आधारमा वा ती प्राथमिक कानुनहरूमा आधारित प्रशासनिक निर्णयहरूको आधारमा मात्रै त्यस्ता बन्देजहरू लगाइएको हुनुपर्छ। साथै, यी कानुन तथा प्रशासनिक निर्णयहरूले नियमन वा बल प्रयोग गर्ने अधिकारप्राप्त अधिकारीहरूलाई व्यापक स्वविवेकीय अधिकार प्रदान गर्नुहुँदैन। कानुनहरू पर्याप्त रूपमा स्पष्ट हुनुपर्छ र सर्वसाधारणहरूलाई आफ्नो आचरण स्वनियमन गर्न दिन सक्षम हुने गरी सुस्पष्ट हुनुपर्छ।

(२) **वैध उद्देश्यको प्राप्ति :** बन्देजहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा प्रदत्त गरिएको वैध उद्देश्यहरूको प्राप्तिको निम्ति मात्रै लगाइनुपर्छ। निम्न उद्देश्य प्राप्तिको निम्ति मात्रै भेला हुन पाउने स्वतन्त्रतामा बन्देज लगाउन मिल्छ - राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा, सार्वजनिक सुव्यवस्था, जनस्वास्थ्य वा नैतिकता र अरूको अधिकार र स्वतन्त्रताको संरक्षण। तर यी उद्देश्यहरूलाई एकदमै संकुचित रूपमा व्याख्या गरिनुपर्छ किनभने आफ्नो स्वार्थ अनुरूप नहुने शान्तिपूर्ण भेलाहरूलाई विफल पार्न अधिकारीहरूले राष्ट्रिय सुरक्षा, सार्वजनिक नैतिकता र सार्वजनिक सुरक्षाका अस्पष्ट औचित्यहरूलाई बारम्बार प्रयोग गर्ने गर्दछन्।

अहिंसात्मक किसिमको सामूहिक अवज्ञा पनि भेला हुन पाउने स्वतन्त्रताद्वारा सुरक्षित छ। सामूहिक अवज्ञा भन्नाले अहिंसात्मक माध्यमहरूको प्रयोगमार्फत र अक्सर जानाजानी कानुनको पनि उल्लङ्घन गरेर परिवर्तन ल्याउने अभिष्ट लिएको भेला भन्ने बुझिन्छ।

(३) **आवश्यकता**: कुनै पनि प्रकारको बन्देज अत्यावश्यक भएको खण्डमा र अन्तिम उपायको रूपमा मात्रै लगाउन सकिन्छ। भेला हुन पाउने स्वतन्त्रताउपरको कुनै पनि बन्देजमाथि उल्लिखित वैध उद्देश्यहरू पूरा गर्न अत्यावश्यक रहेको हुनुपर्छ। केवल व्यवहारिक वा उपयुक्त भएकै कारणले मात्रै बन्देजहरूले अत्यावश्यकताको मापदण्ड पूरा गर्दैन।

(४) **समानुपातिकता**: अपनाइएको बन्देजकारी उपाय र हाँसिल गर्न खोजिएको उद्देश्यबीच समानुपातिकताको उचित सम्बन्ध हुनुपर्दछ। समानुपातिकताको मापदण्डले बन्देजले प्राप्त गर्न खोजेको उद्देश्य र सम्बन्धित अधिकार धारकले त्यस्ता बन्देजका कारण सामना गर्ने असुविधा बीचको न्यायोचित र उचित सन्तुलन खोज्दछ। तसर्थ अधिकारको प्रयोगमा लगाइने बन्देजको प्रभाव वैध उद्देश्य परिपूर्तिको लागि प्राप्त हुने लाभसँग तुलना गर्दा असमानुपातिक हुनुहुँदैन।

शान्तिपूर्ण भेला उपरका पूर्ण बन्देजहरू निसन्देह अनावश्यक र असमानुपातिक हुन्। अन्य कम हस्तक्षेपकारी उपायहरूको प्रयोग गरिसकिएको अवस्थामा अन्तिम उपायको रूपमा मात्रै कुनै निश्चित भेलाउपर प्रतिबन्ध लगाउने बारेमा सोच्न सकिने हुन्छ।

## बलको प्रयोग

कुनै सभामा रहेका हिंसात्मक तत्वहरू विरूद्ध प्रयोग गरिने बल क्रमिक रूपमा बढाउँदै लगिएको, आवश्यक र समानुपातिक हुनुपर्छ। आपसी तनाबलाई न्यूनीकरण गर्न हरसम्भव कार्यहरू गरिसकेपछि अपवादात्मक परिस्थितिहरूमा मात्र बलको प्रयोग गर्नुपर्छ।

ज्यानमाथिको सन्निकट खतरा वा गम्भीर चोटपटकलाई रोक्न तथा कम घातक साधनको प्रयोगबाट सो उद्देश्य हाँसिल गर्न नसकिने अति असाधारण परिस्थितिहरूमा मात्रै हतियारको प्रयोग गर्न मिल्छ।

अधिकारीहरूले बल प्रयोगका अन्य "कम-घातक" हतियार वा उपकरणहरू पनि घातक हुन सक्ने सम्भावित अवस्थालाई ध्यानमा राख्नुपर्दछ। यदि आक्रामक तवरले र अत्यधिक रूपमा प्रयोग गरिएमा र जोखिममा रहेका व्यक्तिहरू विरुद्ध प्रयोग गरिएमा अश्रुग्याँस, लाठी, राइफलको कुन्दा र पानीको फोहोरा जस्ता उपकरणहरू पनि घातक हुनसक्छ।

भेलाका सहभागीहरूप्रति तेस्रो पक्षहरूद्वारा बल प्रयोग वा प्रतिक्रियाको सम्भावित परिस्थितिलाई ध्यानमा राख्दै अधिकारीहरूले भेलाको अवस्थाको आधारमा

प्राथमिक उपचार, आपतकालीन वा विशिष्टिकृत चिकित्सा सुविधाहरूको व्यवस्था गर्नुपर्छ।

दंगा नियन्त्रण साधनरूले लक्षित व्यक्तिहरूलाई नभई मानिसहरूको समूहलाई असर गर्छ। अश्रुग्याँस र पानीको फोहोरा जस्ता दंगा नियन्त्रण साधनहरूलाई निम्नानुसारका सीमित परिस्थितिहरूमा मात्र प्रयोग गर्न सकिन्छः

(१) सभाका खास हिंसात्मक सहभागीहरूप्रति लक्षित गर्न सकिने साधनहरू असफल भएका वा असफल हुने भएमा,
(२) हिंसा व्यापक रूपमा फैलिएको अवस्थामा मात्रै,
(३) हिंसात्मक समूहलाई तितरवितर पार्ने प्रयोजनको निम्ति मात्रै प्रयोग गर्न मिल्ने,
(४) बन्द स्थानहरूमा कहिले पनि प्रयोग गर्न नहुने,
(५) अश्रुग्याँसको क्यानिस्टरलाई कहिल्यै पनि व्यक्ति लक्षित गरी प्रहार गर्नु हुँदैन।

## अधिकारीहरूले भेला आयोजनाका लागि सहज वातावरण बनाउन सहयोग गर्नुपर्छ

अधिकारीहरूले प्रतिबन्धात्मक दृष्टिकोण लिनुको सट्टा शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रताको अभ्यासको लागि सहज वातावरण प्रवर्द्धन गर्नुपर्दछ। सम्भव भएसम्म भेलाहरूलाई उनीहरूको लक्षित दर्शकहरूले देख्न र सुन्न सक्ने स्थानमा सञ्चालन गर्न सहजीकरण गर्नुपर्छ। यसका लागि राज्यले कहिलेकाहीँ सडकहरू बन्द गर्नुपर्ने हुनसक्छ। यातायातलाई अर्कै दिशातर्फ मोड्नु पर्ने हुनसक्छ र सर्वसाधारण वा विरोधी खेमाका प्रदर्शनकारीहरूबाट उत्पन्न हुनसक्ने हिंसा, दुर्व्यवहार वा आक्रमणहरूबाट भेलालाई सुरक्षा प्रदान गर्नुपर्ने हुनसक्छ।

अधिकारीहरूले संवाद, वार्ता, मध्यस्थता र द्वन्द्व न्यूनीकरणको माध्यमबाट सूचना आदान प्रदान गरी द्वन्द्व रोक्नका लागि सञ्चार गर्नुपर्छ। भेलाहरूमा तनाब पैदा नगराउन वा तनाब नबढाउनका लागि उनीहरूको भौतिक उपस्थिति, उपकरण, संख्या, हाउभाउ र मनोवृत्ति त्रासरहित खालको हुनुपर्छ।

## गैर-विभेद तथा विषयवस्तुप्रति तटस्थता

भेलाहरूको नियमनका लागि अधिकारीहरूले लिने दृष्टिकोण विषयवस्तु र पहिचानको हिसाबले तटस्थ हुनुपर्छ। अर्थात् उनीहरूको दृष्टिकोण सहभागीहरूको अभिव्यक्ति, माग वा पहिचानमा आधारित हुनुहुँदैन।

शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रतासम्बन्धी कानुनहरूको तर्जुमा, व्याख्या र कार्यान्वयन गैर-विभेदमूलक तवरमा हुनुपर्छ। व्यक्ति र समूहहरूलाई शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रताको अभ्यासका लागि समान रूपमा सबल र सक्षम बनाउनुपर्छ र विभेदको शिकार भएका समूहहरूलाई विशेष विचार पुर्याउनु पर्ने हुनसक्छ।

## सूचना प्रदान गर्ने

भेला बारेको सूचनाले अधिकारीहरूलाई सुरक्षा व्यवस्थाको लागि योजना बनाउन र सम्भावित अवरोधहरूको व्यवस्थापन गर्न मद्दत गर्न सक्ने भएपनि भेलालाई संरक्षण गर्नका लागि अग्रिम सूचना दिइराख्नुपर्ने आवश्यकता हुनुहुँदैन। समन्वय गरेर गरिएको होस् वा कुनै घटनाको प्रत्यक्ष प्रतिक्रिया स्वरूप स्वतःस्फूर्त निस्किएका विरोध प्रदर्शन होस् दुवैले समान संरक्षण पाउँछन्। सूचना प्रदान गर्नेसम्बन्धी कुनै पनि प्रक्रिया केवल जानकारी प्रदान गर्ने प्रयोजनको लागि मात्र हुनुपर्छ। यसलाई ढोका पछाडिबाट अनुमति लिनु पर्ने माध्यमको रूपमा प्रयोग गरिनुहुँदैन र सूचना प्रदान गर्नेसम्बन्धी प्रक्रियाहरूले स्वतःस्फुर्त हुने विरोध प्रदर्शनलाई दबाउन हुँदैन।

## प्रतिप्रदर्शन (Counter Protest)

कुनै अर्को सभाविरुद्ध विरोध अभिव्यक्त गर्नका लागि आयोजना गरिने सभाहरूलाई प्रतिप्रदर्शन भनिन्छ। प्रतिप्रदर्शनहरूले पनि मानवअधिकारका कानुनअन्तर्गत संरक्षणको हक राख्दछन्। त्यस्ता विरोधहरूलाई पनि सहजीकरण गरिनुपर्छ र विषयवस्तु तथा पहिचानको हिसाबले तटस्थ रूपमा नियमन गर्ने दृष्टिकोण हुनुपर्छ। सम्भव भएसम्म त्यस्ता प्रदशर्नहरूलाई लक्षित गरिएको सभाहरूले देख्न र सुन्न सक्ने परिधिभित्र आयोजना हुन दिनुपर्छ।

## भेला हुन पाउने स्वतन्त्रताको सम्मान र सुनिश्चितता गर्ने प्रणालीको स्थापना

देशका कानुनहरूले शान्तिपूर्ण भेला हुन पाउने अधिकारलाई मान्यता दिनुपर्छ र भेलाहरूको व्यवस्थापनमा संलग्न सार्वजनिक अधिकारीहरूको कर्तव्य र जिम्मेवारीहरू स्पष्ट गर्नुपर्छ। यी कानुनहरू अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूसँग संगति राख्ने हुनुपर्छ र तिनीहरू सार्वजनिक रूपमा पहुँच योग्य हुनुपर्छ। भेला हुन पाउने स्वतन्त्रताको अधिकारको कथित उल्लङ्घनमा कानुनी उपचार र सोका लागि आवश्यक प्रक्रिया हुनुपर्छ। त्यस्ता उपायहरूमा आवश्यकताअनुसार प्रशासनिक उजुरी, न्यायिक उपचारका साथै राष्ट्रिय मानवअधिकार संस्थाहरूबाट प्राप्त हुने अन्य प्रकारका उपचार तथा उजुरीहरू समावेश हुनसक्छन्। त्यस्ता उपचारहरूले कथित उल्लङ्घनहरूउपर स्वतन्त्र, निष्पक्ष र समयबद्ध अनुसन्धानको सुनिश्चितताको साथै उपयुक्तताअनुसार विभागीय कारबाही वा दोषीलाई अभियोजन र पीडितलाई क्षतिपूर्ति दिने क्षमता राख्नुपर्दछ। त्यसका अलावा राज्यहरूले सभाहरूको व्यवस्थापनको लागि जिम्मेवार सार्वजनिक निकायहरूउपर स्वतन्त्र र पारदर्शी निगरानीको सुनिश्चितता गर्नुपर्छ। साथै, राज्यले यस्ता कानुनी व्यवस्थाहरूबारे जनता सुसूचित रहेको सुनिश्चित गर्नुपर्छ।

पत्रकार, प्रदर्शन अवलोकनकर्ता, मानवअधिकार रक्षक र अनुगमनकर्ताहरूलाई सभाहरूको अनुगमन वा अवलोकन गर्न र विशेषगरी कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको व्यवहार अनुगमन गर्न निषेध गर्न वा अनावश्यक रूपमा प्रतिबन्ध लगाउन मिल्दैन। उनीहरूले उत्पीडनको सामना गर्नुपर्ने अवस्था आउन दिनुहुँदैन र उनीहरूको उपकरण, टिपोट र सामानहरू जफत गर्न वा त्यसमा क्षति पुर्याउन हुँदैन। कुनै सभा गैरकानुनी घोषित भए पनि वा त्यसलाई तितरबितर गरिए पनि उनीहरूसँग विरोध प्रदर्शनको अनुगमन वा अवलोकन गर्ने अधिकार रहन्छ।

## भेला पूर्व वा भेलापश्चात प्राप्त हुने संरक्षण

भेला हुन पाउने अधिकारको स्वतन्त्रताको अभ्यासलाई सार्थक बनाउनका लागि विरोध प्रदर्शनको अभिन्न अङ्को रूपमा रहेका विरोध प्रदर्शनसँग सम्बन्धित

गतिविधिहरू पनि सुरक्षित छन्। यसमा सहभागी र आयोजकद्वारा गरिने स्रोतसाधन परिचालन, योजना, विरोध प्रदर्शनबारे सार्वजनिक सूचना प्रवाह, प्रदर्शन स्थलको भ्रमण, भेटघाटका लागि तय गरिएका विभिन्न स्थलको सुरक्षा र विरोध प्रदर्शनको क्रममा गरिने रात्रि वास, तयारीको चरण वा विरोध प्रदर्शनको समयमा सहभागीहरूबीचको सञ्चार, भेलाको प्रसारण, सभा छोडे पछिको सुरक्षा वा शान्तिपूर्ण सभामा सहभागिता, उपस्थिति वा सम्बद्धताको कारण हुने प्रतिशोधबाट संरक्षण जस्ता विषयहरू समावेश छन्।

## विरोध प्रदर्शनसँग सम्बन्धित डिजिटल अधिकार

राज्यहरूले शान्तिपूर्ण सम्मेलनहरूसँग सम्बन्धित इन्टरनेट जडानमा बाधा, अवरोध वा निगरानी गर्नु हुँदैन। प्रदर्शनकारीहरूले प्रदर्शनहरू व्यवस्थित गर्न, जानकारी साझा गर्न, सहभागिता पुष्टि गर्न र सार्वजनिक समर्थन जुटाउन डिजिटल माध्यमहरूलाई बढ्दो रूपमा प्रयोग गर्ने गरेका छन्। विरोध प्रदर्शनसँग सम्बन्धित कुनै पनि डिजिटल गतिविधिहरूउपर लगाइने कुनै पनि बन्देजहरू वैध हुनको लागि आवश्यक पर्ने माथि उल्लिखित चारबुँदे मापदण्डको पालना गरिएको हुनुपर्छ।

## सङ्घीय सरकार बाहेकका अन्य सरकारहरूले गरेका कार्यहरू

शान्तिपूर्ण भेलाको अधिकार लगायत मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व सङ्घीय वा राष्ट्रिय सरकारहरूमा सीमित छैन। त्यसैगरी यस्तो दायित्व कार्यकारी अंङ्गमा मात्र सीमित छैन। शान्तिपूर्ण भेलाको अधिकारको संरक्षण गर्ने दायित्व सबै राष्ट्रिय, प्रादेशिक वा स्थानीय तहका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको रहेको छ। प्रदेश वा स्थानीय तहका अधिकारीहरूलाई सभा नियमन गर्ने वा बल प्रयोग गर्ने कानुनी अधिकार छ वा छैन भन्ने कुरा राज्यले स्थापित गर्नुपर्छ। त्यस्तै राज्यले सभा नियमन गर्ने वा बल प्रयोग गर्न सक्ने परिस्थितिहरूलाई परिभाषित गर्ने, सम्बन्धित कर्मचारीलाई तालिम र स्रोत उपलब्ध गराउने र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुकूल गुनासो संबोधन तथा जवाफदेहिता संयन्त्रहरू स्थापना गर्नुपर्छ।

## विरोध प्रदर्शन गर्ने स्थानमा बन्देज

शान्तिपूर्ण भेलाहरूले लक्षित श्रोताहरूलाई शान्तिपूर्ण रूपमा आफ्नो सन्देश पुर्याउने वास्तविक अवसर पाउनुपर्दछ र त्यस्ता भेलाहरूलाई लक्षित श्रोताले देख्ने र सुन्ने परिधिभित्र आफ्ना गतिविधिहरू सञ्चालन गर्न सहजीकरण गरिनु पर्छ। यो सिद्धान्त विरूद्ध हुने गरी विरोध प्रदर्शन गर्ने स्थानमा हुने बन्देजले शान्तिपूर्वक भेला हुन पाउने अधिकारको उल्लङ्घन गरेको ठहर्छ।

## अन्य अधिकारहरूसँगको सहसम्बन्ध

भेलाको नियमनको सम्बन्धमा अधिकारीहरूले गर्ने कार्य र अकार्यले विशेष गरी अभिव्यक्ति स्वतन्त्रता सहित संघसंस्था तथा राजनीतिक सहभागिताको स्वतन्त्रता, विभेद विरूद्धको स्वतन्त्रता, बाँच्न पाउने अधिकार, वैयक्तिक सुरक्षा र व्यक्तिको आत्मसम्मानको अधिकार, स्वेच्छाचारी गिरफ्तारी र हिरासत विरूद्धको अधिकार, यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार विरूद्धको अधिकार तथा प्रभावकारी उपचार र निदानको अधिकारजस्ता अन्य अधिकारहरू पनि उल्लङ्घन हुनसक्छ।

# भाग २
# नेपालमा भेला हुन पाउने अधिकार सम्बन्धी कानुन




## भेला हुन पाउने स्वतन्त्रतासम्बन्धी कानुनका श्रोतहरू




PICTURE: CIN KHABAR

- नेपालको संविधान,
- सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीरहरू,
- विभिन्न ऐन र नियमावलीहरू,
- सार्वजनिक अधिकारीद्वारा जारी गरिएका आज्ञा, आदेशहरू

## धारा १७ स्वतन्त्रताको हक




(१) **कानुन बमोजिम बाहेक** कुनै पनि व्यक्तिलाई वैयक्तिक **स्वतन्त्रता**बाट वञ्चित गरिने छैन।

(२) प्रत्येक **नागरिकलाई** देहायको स्वतन्त्रता हुनेछः

(क) **विचार र अभिव्यक्ति**को स्वतन्त्रता

(ख) विना हातहतियार **शान्तिपूर्वक भेला** हुने स्वतन्त्रता

(ग) (घ) राजनीतिक **दल, संघ र संस्था खोल्ने** स्वतन्त्रता

**तर, निश्चित प्रकारको कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने**

- सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनतामा खलल पर्ने
- संघीय इकाई, जात, जाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने
- श्रमप्रति अवहेलना गर्ने
- गाली बेइज्जती, अदालतको अवहेलना हुने
- सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने
- अपराध गर्न दुरुत्साहन गर्ने
- सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने
- राष्ट्र विरुद्ध जासुसी गर्ने, राष्ट्रको गोपनीयता भंग गर्ने, राजद्रोह गर्ने,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने
- नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने
- हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने
- सार्वजनिक स्वास्थ्यको प्रतिकूल हुने कार्य

**तर, ..... मनासिब प्रतिबन्ध भन्नाले**

- प्रतिबन्ध आवश्यकताको आधारमा मात्रै गरिनुपर्ने
- प्रतिबन्धको परिमाण वा प्रतिबन्धको नागरिकमाथि हुने परिणाम गुणात्मक वा मात्रात्मकरूपले आवश्यकतासँग समानुपातिक हुनुपर्ने

# विभिन्न ऐनहरू

## स्थानीय प्रशासन ऐन, २०२८

**दफा २ (ग) सभाः** सार्वजनिक स्थलमा **खास उद्देश्यको** निम्ति **संगठित वा असंगठित रूपमा जम्मा** भएको ५० जना वा सो भन्दा बढीको समूह

**दफा ६ हिंसात्मक कार्य/हुलदङ्गा हुने आशंका भए सो रोक्ने प्रजिअको दायित्वः**

- सभा, जुलुस, वा भीड हिंसात्मक/ध्वंसात्मक प्रवृत्ति लिई शान्ति भंग हुने सम्भावना भएमा प्रहरीले रोक्न / नियन्त्रण गर्न नसके **सम्झाउने नसके लाठी चार्ज, अश्रुग्याँस, फोहरा, हवाई फायर**

**आवश्यकता र परिस्थितिअनुसार जो गर्नुपर्ने बल प्रयोग**

- त्यो पनि नसके गोली चलाउनु पर्ने आवश्यकता परे पहिला **"हट्दैनौ भने गोली चलाइनेछ" भन्ने स्पष्ट बुझ्ने गरी चेतावनी** दिने, भीड नहटे **गोली चलाउनु पर्ने भए घुँडा मुनि गोली चलाउन** आदेश दिने
- **समयले भ्याएसम्म लिखित आदेश,** मौखिक दिनु परे **२४ घण्टाभित्र लिपिबद्ध** गर्ने
- अशान्ति भड्किन प्रहरीले मात्रै सम्भव छैन भने सशस्त्र प्रहरी वा अवस्था अनुसार नेपाली सेनाको मद्दत माग गर्न सक्ने
- कसैले केही गर्दा वा कहीं केही सामाग्री राख्दा हुलदङ्गा हुने, कसैलाई वाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भए एक पटक २ महिनासम्म लागु हुने गरी त्यस व्यक्तिलाई त्यो कार्य गर्न वा त्यस ठाउँमा त्यो सामान नराख्न निषेधात्मक आदेश
- कुनै ठाउँ हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा परिस्थितिलाई दृष्टिगत गरी प्र.जि.अ.ले क्षेत्र र समय तोकी हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा ५ जना भन्दा बढी जम्मा हुन नपाउने गरी निषेधाज्ञा जारी गर्न सक्ने (तोडे १ महिनासम्म कैद ५०० जरिवाना वा दुवै)
- आधार कारण सहितको आदेश दिनुपर्ने (व्यक्तिको हकमा ऐनले बोलेको निषेधाज्ञाको हकमा ऐनले नबोलेको, सर्वोच्च अदालतले बोलेको)
- माथिका आदेशमा चित्त नबुझे सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने

**दफा ६ (क) कर्फ्यू**

- आन्दोलन वा हुलदङ्गाले शान्ति भंग हुने देखिए परिस्थिति विचार गरी आवश्यक भएमा आउजाउ रोकी, भेला हुन नदिई, अन्य कुनै काम गर्न नपाउने गरी कर्फ्यू जारी गर्न मिल्ने, जनता माझ सो को प्रचार गर्नुपर्ने
- कर्फ्यू तोड्ने व्यक्तिलाई गिरफ्तार गरी १ महिना कैद वा एक हजार जरिवाना वा दुवै गर्न सक्ने
- कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउने पूर्वचेतावनी सहितको गोली चलाउन आदेश दिन सक्ने (तर परिस्थिति अनुसार लाठी चार्ज, **अश्रुग्याँस**, फोहरा, हवाई फायर, गोली चलाउने चेतावनी)। [गोली घुंडाभन्दा तल हान्नुपर्छ भन्ने स्पष्ट व्यवस्था नभएको]
- हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्नेबित्तिकै गोली हान्ने आदेश दिन सक्ने

**दफा ६ख दङ्गाग्रस्त क्षेत्र**

- लुटपिट गर्ने, घर/पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक/विध्वंसात्मक कार्यको रोकथामको निम्ति सामान्य प्रहरी कारवाहीले हुँदैन भन्ने लागेमा दङ्गाग्रस्त क्षेत्र घोषणा गर्न सक्ने
- शंकास्पद व्यक्तिलाई बिना पक्राउ पूर्जी पक्राउ गरी नजरबन्दमा राख्न सक्ने
- त्यस क्षेत्रमा निषेधाज्ञा, कर्फ्यू आदि लगाउन सक्ने, सेनाको प्रयोग लिन सक्ने

## सार्वजनिक सुरक्षा ऐन, २०४६

- दफा ३.१., ३.१.क र ५सार्वभौमसत्ता, भौगोलिक अखण्डता, सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम गर्न कुनै व्यक्तिलाई रोक्न निवारक नजरबन्द [१२ महिना सम्म गर्न सकिने: ९० दिन सम्म, त्यसपछि अर्को ३ महिना सम्म त्यसपछि अर्को ६ महिना सम्म]
- दफा ३.२. र ६ जनताको हित वा जात, जाति वा सम्प्रदायहरूबीच सुसम्बन्ध खलल पर्न सक्ने कुनै काम गर्न कुनै व्यक्तिलाई रोक्न स्थानहद गर्न सकिने [कुल ९० दिन: ३० दिन, ६० दिन]
- आधार कारण खुलाउनुपर्ने, सम्बन्धित जिल्ला अदालतलाई कागजात उपलब्ध गराउनुपर्ने, परिवारका सदस्यहरूलाई सूचना दिनुपर्ने

- दफा ११ तर नजरबन्द र स्थानहदको आदेशउपर कुनै अदालतमा उजुर गर्न प्रश्न उठाउन नपाइने

## मुलुकी ऐन, २०७४ अन्तर्गतका बन्द-हड्ताल, अवरोध, तोडफोडसम्बन्धी फौजदारी कानुन

### दफा ६० र त्यसअन्तर्गतका उपधाराहरू

### ६ महिनासम्म कैद र १० हजारसम्म जरिवाना वा दुवै

- तोकिदिएको स्थानमा चक्काजाम गरे, सडक सुचारू रूपमा संचालनमा बाधा खडा गरे
- सरकारी, सार्वजनिक, व्यक्तिको धनमाल तोडफोड, लुटपाट आगजनी गरे, जबर्जस्ती प्रवेश गरे वा सम्पत्ति कब्जामा लिए
- सरकारी, सार्वजनिक निकाय, शिक्षण संस्थामा तालाबन्दी गरी अवरोध गरे

### गैरकानूनी भेला गर्न नहुने (हतियारबिना भए ६ महिना कैद र रू ५००० जरिवाना)

बल प्रयोग वा प्रदर्शन गरी वा जोखिमी हातहतियार प्रदर्शन गरी

- राष्ट्रसेवकलाई कर्तव्यपालन गर्न नदिने, कानुन कार्यान्वयनमा बाधा अवरोध गर्ने
- सम्पत्ति लिने/कब्जा गर्ने वा
- बाटो, पानी, सार्वजनिक यातायात, संचार वा अन्य कुरा उपभोग गर्ने हकबाट बञ्चित गर्ने

गैरकानुनी भेलामा एउटाले केही कसूर गरेमा कसूर गर्न जानीजानी सहयोग गर्ने भेलाका प्रत्येक सदस्यले कसूर गरेको मानिनेछ

### दफा ६३ र ६४

### हुलदङ्गा (हतियार नलिई गरेकोमा १ वर्ष कैद र रू१०,००० जरिवाना)

- भेलाले वा भेलाको सहभागीले भेलाको उद्देश्य प्राप्त गर्ने सिलसिलामा बल प्रयोग गरे वा सार्वजनिक वा निजी सम्पत्ति तोडफोड वा हानि, नोक्सानी गरेमा भेलाको प्रत्येक सहभागीले हुलदङ्गा गरेको मानिनेछ

**दफा ६७ र दफा ७२**

**सार्वजनिक स्थानमा आवागमन र सार्वजनिक सेवामा बाधा (३ वर्ष कैद र रू ३०,००० जरिवाना)**

- सार्वजनिक सडक, राजमार्ग, विमानस्थल, रेल्वे वा कुनै सेवा सञ्चालनमा डर, भय, त्रास देखाई बन्द गर्न, आवागमनमा बाधा पुर्‍याउन नहुने

**संवेदनशील सार्वजनिक क्षेत्र (६ महिना कैद र रू ५,००० जरिवाना)**

- सार्वभौमसत्ता, अखण्डता, सुरक्षा, सार्वजनिक शान्ति वा शिष्टाचारको कारण संवेदनशील सार्वजनिक क्षेत्रभनी घोषणा भएको स्थानमा मशाल जुलुस, आगोजन्य, प्रज्वलनशील वस्तु लिई सभा गर्न नहुने

## श्रम ऐन, २०७४

**परिच्छेद १९ (दफा ११६ देखि १२९)**

कुनै कार्यालयमा सामूहिक विवाद समाधानको लागि निम्न अवस्थामा हड्ताल गर्न सकिनेछ

- मध्यस्थता गर्नु नपर्ने विवाद भए, मध्यस्थकर्ता नियुक्त हुन नसके, मध्यस्थताले समाधान नदिए, मध्यस्थकर्ताको निर्णय कार्यालयले कार्यान्वयन नगरे
- हड्ताल सुरु गर्नु अघि ३० दिन अगाडि माग दाबी सहितको लिखित सूचना दिनुपर्ने, श्रम मन्त्रालय र जिल्ला प्रशासनलाई सो को सूचना दिनुपर्ने
- कार्यालयको सुरक्षामा खटिएका श्रमिकले आफ्नो काममा खटिएको समयमा हड्ताल गर्न नपाउने
- सामूहिक हड्ताल गर्दा दवाव दिने उद्देश्यले कार्यालयको मूल ढोकामा धर्ना वा सभा गर्न सकिने
- तर, हड्ताल र तालाबन्दीको अवस्था नभएमा काममा बाधा नपर्ने गरी कार्य समयभन्दा अगाडि वा पछाडि वा विश्रामको समयमा मात्र धर्ना गर्न मिल्ने
- धर्ना वा सभा गर्दा कसैलाई कार्यस्थलमा प्रवेश वा बाहिर निस्कन रोक लगाउन नहुने
- कानुनसंवत् हड्ताल गर्दा कम्तिमा आधा पारिश्रमिक दिनुपर्ने


## आवश्यक सेवा संचालन ऐन, २०१४

**दफा ३** संघीय वा प्रदेश सरकारले आवश्यक भनी तोकेको सेवामा हड्ताल निषेध (**६ महिनासम्म लागु हुने गरी, नवीकरणीय**)

उल्लङ्घन गरे ६ महिनासम्म कैद वा रू २०० सम्म जरिवाना वा दुवै निषेध गरिएको हड्तालको लागि नगदी सहायता दिनेलाई सजाय

**नोटः दफा २ (ख) बमोजिम हड्ताल भनेको**

सेवामा काम गरिरहेको वा नियुक्त भएको व्यक्ति वा समूह मध्ये सबै वा केहीले पूर्व आयोजनाद्वारा वा एकमत गरी सामूहिक रूपबाट काम बन्द गरेको वा काम चालु राख्न इन्कार गरेको अवस्था


# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, मंसिर २८ गते, २०८० साल (संख्या ४२

भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ:-

१. डाँक, तार वा टेलिफोन सेवा,
२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसार पसार गर्ने यातायात सेवा,
३. हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,
४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने वा राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा,
५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,
६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सर-सामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,
७. सञ्चार सेवा,
८. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा,
९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,
१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिसोर्ट सम्बन्धी सेवा,
११. पेट्रोलियम पदार्थ (एल.पि. ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,
१२. अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवाहरु),
१३. औषधी निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा,
१४. फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा,
१५. बैङ्किङ्ग सेवा,
१६. बिमा सेवा,
१७. विद्युत सेवा,
१८. दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, दाल, चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,
१९. मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा,
२०. मास्क सम्बन्धी सेवा,
२१. ह्याण्ड सेनिटाइजर सम्बन्धी सेवा,
२२. भेटेरिनरी सेवा,
२३. कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवा,
२४. राहदानी विभागबाट प्रदान हुने सेवा,
२५. ईन्टरनेट सेवा ।

*तस्वीरः नेपाल सरकारले तोकेको हड्ताल निषेध गरिएको आवश्यक सेवाहरूको सूची*

## राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

**दफा २४**

- पक्राउ पुर्जी र जरूरी पक्राउ पुर्जीको व्यवस्था
- गिरफ्तार गर्न लाग्दा छुट्न सक्ने, पक्रन नदिन हुलहुज्जत गरी भाग्न सक्ने वा पक्रन ज्यान जोखिम हुने सम्भावनामा हतियार नचलाई नहुने अवस्थामा घुँडादेखि मुनि लाग्ने गरी गोली चलाउन मिल्ने, गोली लागेको व्यक्ति मरेमा बात नलाग्ने

## कोभिड-१९सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ (विधेयक फिर्ता)

- **दफा ४** सभा, सम्मेलन, जुलुस ... जस्ता भीडभाड हुने क्रियाकलाप बन्द गर्न वा नियन्त्रित रूपमा संचालन गर्न आदेश दिन सक्ने
- **दफा ५ (५)** आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ को अधिकारको समेत प्रयोग गर्न सक्ने
- **दफा १८ (२) र (३)(ङ)** नेपाल सरकारले कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाली सेनाको परिचालन गर्न सक्ने

## संक्रामक रोग ऐन, २०२०

**दफा २ (१)**

- संक्रामक रोग फैलिए वा फैलिने सम्भावना भए रोग रोकथाम गर्न सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागु हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ

**दफा २ (क) (१)**

- सङ्घीय वा प्रदेश सरकारको अधिकार आवश्यक आदेश जारी गर्न सक्ने अधिकार प्रदेश सरकारलाई समेत प्रदान गरिएको छ

**दफा ३**

आदेश अपहेलना गर्ने व्यक्तिलाई १ महिनासम्म कैद, अधिकारीहरूलाई काममा बाधा पुर्याउनेलाई ६ महिनासम्म कैद

# भाग ३ विरोध प्रदर्शनलाई नियमन गर्ने विभिन्न सरकारी निकायहरूको पहिचान

साधारणतया विरोध प्रदर्शनलाई नियमन गर्न फिल्डमा नेपाल प्रहरी परिचालन हुने भए पनि अवस्था अनुसार राष्ट्रिय अनुसन्धान विभाग (रा.अ.वि) तथा सशस्त्र प्रहरी बल पनि परिचालन हुने गर्दछन्। संवेदनशीलता अनुसार अपवादात्मक अवस्थामा नेपाली सेना पनि परिचालन हुन सक्छ। ***यस सामाग्री विरोध प्रदर्शन अवलोकनकर्ता (Protest Observers) हरूलाई फिल्डमा खटिएका सुरक्षा निकाय तथा तिनका अधिकृतको तह पहिचान गर्ने प्रयोजनको निम्ति मात्र प्रदान गरिएको हो।***

## नेपाल प्रहरीको पोशाक


Source: Onlinekhabar and Himalkhabar



Source: nepalpress

## सशस्त्र प्रहरी बलको पोशाक



Source: Armed Police Force

## नेपाली सेनाको पोशाक





Source: Gorkhapatra Online, Nepal Army and Drishti News

## नेपाल प्रहरीको दर्ज्यानी चिन्ह

| दर्ज्यानी चिन्ह | नेपालीमा (साधारण भाषामा) | In English |
|---|---|---|
|  | प्रहरी महानिरीक्षक | Inspector General of Police |
|  | प्रहरी अतिरिक्त महानिरीक्षक [एआईजी] | Additional Inspector General of Police |
|  | प्रहरी नायव महानिरीक्षक [डीआईजी] | Deputy Inspector General of Police |
|  | प्रहरी वरिष्ठ उपरीक्षक [एसएसपी] | Senior Superintendent of Police |
|  | प्रहरी उपरीक्षक [एसपी] | Superintendent of Police |
|  | प्रहरी नायव उपरीक्षक [डीएसपी] | Deputy Superintendent of Police |
|  | प्रहरी निरीक्षक [इन्स्पेक्टर] | Police Inspector |
|  | प्रहरी वरिष्ठ नायव निरीक्षक [वरिष्ठ सई] | Senior Sub Inspector of Police |
|  | प्रहरी नायव निरीक्षक [सई] | Sub Inspector of Police |
|  | प्रहरी सहायक निरीक्षक [असई] | Assistant Sub Inspector of Police |
|  | प्रहरी वरिष्ठ हवल्दार | Police Senior Head Constable |
|  | प्रहरी हवल्दार | Police Head Constable |
|  | प्रहरी सहायक हवल्दार | Police Assistant Head Constable |
|  | प्रहरी जवान | Police Constable |

## सशस्त्र प्रहरी बलको दर्ज्यानी चिन्ह

| दर्ज्यानी चिन्ह | नेपालीमा [साधारण भाषामा] | In English |
|---|---|---|
|  | सशस्त्र प्रहरी महानिरीक्षक | Inspector General of Police |
|  | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक [एआईजी] | Additional Inspector General of Police |
|  | सशस्त्र प्रहरी नायव महानिरीक्षक [डीआईजी] | Deputy Inspector General of Police |
|  | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक [एसएसपी] | Senior Superintendent of Police |
|  | सशस्त्र प्रहरी उपरीक्षक [एसपी] | Superintendent of Police |
|  | सशस्त्र प्रहरी नायव उपरीक्षक [डीएसपी ] | Deputy Superintendent of Police |
|  | सशस्त्र प्रहरी निरीक्षक [इन्स्पेक्टर] | Police Inspector |
|  | सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक [वरिष्ठ सई] | Senior Sub Inspector of Police |
|  | सशस्त्र प्रहरी नायव निरीक्षक [सई] | Sub Inspector of Police |
|  | सशस्त्र प्रहरी सहायक निरीक्षक [असई] | Assistant Sub Inspector of Police |
|  | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | Police Senior Head Constable |
|  | सशस्त्र प्रहरी हवल्दार | Police Head Constable |
|  | सशस्त्र प्रहरी सहायक हवल्दार | Police Assistant Head Constable |
|  | सशस्त्र प्रहरी जवान | Police Constable |
| (No Insignia) | सशस्त्र प्रहरी परिचर | Follower |

# नेपाली सेनाको दर्ज्यानी चिन्ह

| दर्ज्यानी चिन्ह | नेपालीमा | In English |
|---|---|---|
|  | महारथी (प्रधानसेनापती) | COAS General |
|  | रथी | Lieutenant General |
|  | उप रथी | Major General |
|  | सहायक रथी | Brigadier General |
|  | महासेनानी | Colonel |
|  | प्रमुख सेनानी | Lieutenant Colonel |
|  | सेनानी | Major |
|  | सह-सेनानी | Captain |
|  | मानार्थ सह-सेनानी | Honourable Captain |
|  | उप सेनानी | Lieutenant |
|  | मानार्थ उप सेनानी | Honourable Lieutenant |
|  | सहायक सेनानी | Second Lieutenant |

| | | |
|---|---|---|
|  | प्रमुख सुवेदार | Subedar Major |
|  | सुवेदार | Warrant Officer First Class |
|  | जमदार | Warrant Officer Second Class |
|  | हुद्दा | Sergeant |
|  | अमल्दार | Corporal |
|  | प्यूठ | Lance Corporal |
| (No Insignia) | सिपाही | Private |
| (No Insignia) | फलोअर्स | Followers |

## राष्ट्रिय अनुसन्धान विभागका अधिकारीहरूको पद (सिभिल पोशाकमा रहने)

| |
|---|
| मुख्य अनुसन्धान निर्देशक |
| अतिरिक्त मुख्य अनुसन्धान निर्देशक |
| अनुसन्धान निर्देशक |
| सहअनुसन्धान निर्देशक |
| उपअनुसन्धान निर्देशक |
| प्रमुख अनुसन्धान अधिकृत |
| अनुसन्धान अधिकृत |
| वरिष्ठ अनुसन्धान सहायक |
| अनुसन्धान सहायक |
| सूचक |
| सहायक सूचक |
| परिचर, सुरक्षा गार्ड वा कार्यालय सहयोगी |

# भाग ४ अवलोकनकर्ताको लागि आचारसंहिता

## विरोध प्रदर्शन अवलोकनमा अवलम्बन गर्नुपर्ने मार्गदर्शक सिद्धान्त

१. अवलोकनकर्ताहरूले विरोध प्रदर्शन अवलोकन गर्दा निम्न सिद्धान्तहरू अवलम्बन तथा पालना गर्नुपर्दछः

- एम्नेस्टी इन्टरनेसनलको मूल्यहरू,
- कानुन विरूद्ध कुनै कार्य नगर्ने अर्थात कानुनबमोजिको आफ्नो गतिविधि गर्ने,
- निष्पक्ष र स्वतन्त्र रहने,
- निष्पक्षता भन्नाले तटस्थता भने होइन - मानवअधिकार उल्लङ्घनका घटनाहरूको रिपोर्टिङ्ग गर्नुपर्दछ।
- रिपोर्टिङ्ग गर्दा वस्तुनिष्ठ हुने - आफ्नो धारणामा आधारित निष्कर्ष नभई तथ्यहरूका आधारमा रिपोर्ट गर्ने
- देखिने गरी काम गर्ने, खुला रहने र पारदर्शी व्यवहार गर्ने,
- आफ्नो सुरक्षा र मानसिक भलाइको ख्याल गर्ने,
- गोपनीयता र डाटा सुरक्षाको सम्मान गर्ने ,
- यौन हिंसा र विभेद विरूद्ध शून्य सहनशीलताको नीतिलाई ख्याल गर्ने।

## सुरक्षा र जोखिम व्यवस्थापन

२. अवलोकनकर्ताहरूले सुरक्षालाई पहिलो प्राथमिकता बनाउनुपर्छ। आफ्नो र आफ्नो अवलोकन पार्टनरको सुरक्षामा विचार पुर्याउनु पर्छ। अवलोकनकर्ताहरूले जोखिम न्यूनीकरणसम्बन्धी निर्देशनलाई पालना गर्नुपर्छ र विरोध प्रदर्शन अवलोकनको क्रममा सुरक्षित रहन आफ्नो स्वविवेक प्रयोग गर्नुपर्दछ।

३. अवलोकनकर्ताहरू जहिले पनि कम्तिमा दुई जनाको आधारभूत एकाई बनाई काम गर्नुपर्दछ।

४. अवलोकनकर्ताहरूले विरोध अवलोकनको स्थलमा तैनाथ हुनु अघि जहिले पनि निम्न वस्तुहरू तयार रहेको सुनिश्चित गर्नुपर्छ।

- मोबाइल फोनमा पर्याप्त चार्ज रहेको,

- मोबाइल इन्टरनेटमा पर्याप्त डाटा रहेको र मोबाइल इन्टरनेट खुला राखिएको,
- आफूसँग पर्याप्तरूपमा पानी, औषधि, जीवनजल, रगतमा ग्लुकोजको मात्राको समस्या भए गुलियो चकलेट र कम रक्तचापको समस्या भए नुन भएका खाद्यसामाग्री रहेको,
- आफूसँग अवलोकनकर्ताको परिचयपत्र भएको र आफूले परिचयात्मक बिप्स (हाफ ज्याकेट) भिरेको,
- आफूसँग कापी, पेन, अवलोकन फारम र प्रदान गरिएका डकुमेन्टहरू उपलब्ध रहेको,
- मौसम अनुकूलको कपडा र जुत्ताका साथै छिटोछिटो हिँड्न, दौडिन वा लामो समय उभिन सहज हुने जुत्ता लगाएको,
- तटस्थ देखिनको लागि पहिरनका वस्तुहरूमा समकालीन मुद्दाहरूमा कुनै बलियो राय चित्रण नगरिएको,
- पहिरनका वस्तुहरूले कुनै पनि सामाजिक, राजनीतिक वा धार्मिक समूहको विचारधारा वा सदस्यता व्यक्त नगरेको,
- चक्कु, छुरा, गिलासको बोत्तल जस्ता हतियारको रूपमा लिन सकिने वस्तुहरू आफूसँग नरहेको,
- गहना वा बहुमूल्य वस्तुहरू आफूसँग नरहेको,
- रक्सी, लागुऔषध वा अन्य मनोउत्तेजक तत्वहरूको सेवन नगरेको र आफूसँग नरहेको,
- तैनाथ हुन मिल्ने स्वस्थ अवस्थामा रहेको।

५. अवलोकनकर्ताहरूले मोबाइल डाटा इन्टरनेटमार्फत समूहसँग निरन्तर सञ्चारमा रहनुपर्छ। अवलोकनकर्ताहरूले प्रत्येक १५ मिनेटमा आफ्नो भौतिक अवस्था र स्वास्थ्य स्थितिको बारे अपडेट गर्नुपर्छ। यसबाहेक अवलोकनकर्ताहरूले १५ मिनेट समयावधिको प्रतीक्षा नगरी सकेसम्म चाँडो निम्न कुराहरूको बारेमा अपडेट गर्नुपर्छः

- प्रदर्शन क्षेत्र प्रवेश गरेको र त्यहाँबाट निस्किएको,
- अवलोकन गर्न खटिएको स्थल परिवर्तन गर्नुपरेमा,

- प्रदर्शनकर्ताहरू विरूद्ध बल प्रयोगको कुनै पनि तयारी वा बल प्रयोग भएमा (विशेषगरी लाठीचार्ज, पानीको फोहोरा, अश्रुग्याँसजस्ता कम घातक साधनको प्रयोग)
- कसैले हिंसा प्रयोग गर्ने छनक देखिए, तयारी गरे वा हिंसा प्रयोग गरे,
- शारीरिक वा मानसिक अवस्थामा खलल पर्ने विषय भए उक्त स्थानबाट भागेर वा उक्त विषय सम्बोधन भएपश्चात,
- टेलिफोन सञ्चार जामर, पानीको फोहोराको ट्रक, अश्रुग्याँस हान्ने यन्त्र, इट्टा, ढुङ्गा जम्मा गरेर राखिएको वा तिनीहरूको प्रयोग भएको।

६. विरोध प्रदर्शनको क्षेत्र पुगेपश्चात अवलोकनकर्ताहरूले उक्त क्षेत्रको वरपर हिंडेर सुरक्षा तथा जोखिम व्यवस्थापनको दृष्टिकोणले वरपरका क्षेत्रहरूको अवलोकन गर्नुपर्दछ। अवलोकनकर्ताहरूले विशेषगरी निम्नानुसारका कुराहरू अवलोकन गर्नुपर्दछः

- प्रदर्शन स्थल प्रवेश गर्ने र निस्किने ठाउँहरू,
- हतार गर्नुपरे वा दौडिन परे लड्न सक्ने ठाउँहरू,
- खाल्टो, डिभाइडर, भर्याङ् जस्ता जोखिमपूर्ण पूर्वाधारहरू,
- प्रदर्शनकारी, कानुन कार्यान्वयन गर्ने अधिकारीहरू, स्थानीय समुदाय वा अन्य व्यक्तिहरूबाट अवलोकनकर्ताहरू प्रति हिंसा हुन सक्ने संकेतहरू

७. अवलोकनकर्ताहरूले कानुनको पालना गर्नुपर्दछ। उनीहरू भेलासँग सम्बन्धित कानुन र नियमहरूका बारेमा जानकार हुनुपर्दछ। उनीहरूले प्रहरी तथा सरकारी अधिकारीहरूको आदेशको पालना गर्नुपर्दछ।

८. सम्भव भएसम्म अवलोकनकर्ताहरूले कानुन कार्यान्वयन गर्ने निकायहरूको तर्फबाट तैनाथ कमाण्ड सम्हालेका अधिकृतसँग र प्रदर्शनकर्ताहरूका मुख्य नेतासँग परिचयात्मक सम्बन्ध निर्माण गर्नुपर्दछ र उनीहरूलाई आफूहरू प्रदर्शन अवलोकन गर्न उपस्थित भएको कुरा बुझाउनुपर्छ। उनीहरूलाई प्रदर्शन अवलोकनको कार्य निष्पक्ष रूपमा हुने र उनीहरूको काम कारवाहीमा कुनै अवरोध नगर्ने कुराको प्रत्याभूती दिनुपर्छ।

९. अवलोकनकर्ताहरूले आफूसँग उपलब्ध भएसम्म वैकल्पिक फोन नम्बरहरू पनि प्रदान गर्नुपर्दछ। उनीहरूले आफन्तहरूको आपतकालीन नम्बर पनि प्रदान

गर्नुपर्दछ। ती फोन नम्बरहरूमा कुनै परिवर्तन आएको खण्डमा तुरुन्तै सोको जानकारी प्रदान गर्नुपर्छ।

१०. यस निर्देशिकाबमोजिम प्रदर्शनको अवलोकन गर्नुका साथै अवलोकनकर्ताहरूले जोखिम व्यवस्थापनको दृष्टिकोणबाट परिस्थितिको विकासक्रमको निरन्तर र सतर्क रूपमा मूल्याङ्कन गर्नुपर्दछ। अवलोकनकर्ताहरूले कुनै पनि महत्त्वपूर्ण विकास भएको अवस्थामा एम्नेस्टी नेपाल सचिवालयलाई रिपोर्ट गर्नुपर्नेछ। प्रत्येक जोखिम मूल्याङ्कन गर्दा तीन वैकल्पिक कदमहरू लिन सकिन्छः

- विकल्प १ः सञ्चार गरिएको र अगाडि नै स्थापित भएका जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरी अवलोकन जारी राख्ने
- विकल्प २ः थप जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरी अवलोकन जारी राख्ने। जिम्मेवारी प्राप्त कर्मचारीले उक्त थप जोखिम न्यूनीकरणका उपायहरू सञ्चार गर्नेछ।
- विकल्प ३ः जोखिमको आधारमा विरोध प्रदर्शन स्थगन गर्ने। जिम्मेवारी प्राप्त कर्मचारीले उक्त विरोध प्रदर्शन स्थगन भएको सूचना अवलोकनकर्ताहरूलाई सञ्चार गर्नेछ।

११. कुनै अवलोकनकर्ताले विकल्प १, २, वा ३ को बारे आफ्नो लागि आफैंले निर्णय लिएर सोको परिस्थितिको बारेमा जिम्मेवारी प्राप्त कर्मचारीलाई व्याख्या गरेर प्रदर्शन स्थलबाट निस्किएर सुरक्षित स्थान जान सक्नेछन्।

## अधिकारीहरू र प्रदर्शनकर्ताहरू भन्दा फरक देखिने र निष्पक्षता कायम राख्ने

१२. अवलोकनकर्ताहरू प्रदर्शनकर्तासँग मिसिनु हुँदैन। सुरक्षाको दृष्टिकोणले तथा महत्त्वपूर्ण घटनाहरू अनुभव गर्न सक्षम रहन प्रदर्शनकर्तासँग भौतिक दूरी कायम गर्नुपर्दछ।

१३. प्रहरी तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको काम कारबाही सहज अवलोकन गर्न र उनीहरूको काम कारबाहीमा अवरोध नगर्नको लागि उनीहरूसँग भौतिक दूरी कायम गर्नुपर्दछ।

१४. अवलोकनकर्ताहरूले तैनाथीको समयमा जहिलेपनि परिचयात्मक बिप्स (हाफ ज्याकेट) लगाएको हुनुपर्छ र अवलोकनकर्ताको परिचयपत्र आफूसँगै राख्नुपर्दछ।

१५. इशारा, भावभंगी, व्यवहार, आफूआफूबीच र अरूहरूसँग गर्ने कुराकानी लगायतमा अवलोकनकर्ताहरूले विवादरहित रूपमा निष्पक्ष व्यवहार गर्नुपर्छ।

१६. अवलोकनकर्ताहरूले भेलाका सहभागीहरूसँग कुनै पनि अनावश्यक सञ्चार वा कुराकानी गर्नुहुँदैन। उनीहरूले विशेषगरी प्रदर्शनकारीहरूलाई सल्लाह दिन वा मद्दत गर्न, भेला वा भेलाका सहभागीहरूको व्यवहारको बारेमा राय व्यक्त गर्न वा प्रदर्शनकारीहरूलाई सूचना वा जानकारी प्रदान गर्नुहुँदैन।

१७. कानुनको पालना गर्ने र प्रहरी एवं सरकारी अधिकारीहरूको आदेश पालना गर्ने बाहेक अवलोकनकर्ताहरूले प्रहरी वा सरकारी अधिकारीहरूलाई मद्दत गर्ने, उनीहरूलाई आफ्नो राय व्यक्त गर्ने वा उनीहरूको पक्षमा देखिने कार्य गर्नुहुँदैन।

१८. अवलोकनकर्ताहरूले प्रदर्शनको दौरान व्यक्त गरिएका कुनै पनि विचार, नारा वा मागहरूका बारे बोलेर वा नबोलेर आफ्नो सहमति वा बिमति व्यक्त गर्नुहुँदैन।

१९. प्रदर्शनकारीहरू, प्रतिविरोध प्रदर्शनकर्ताहरू र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूबीच मध्यस्थता गर्न

## बाह्य सञ्चार

२०. अवलोकनकर्ताहरूले अवलोकन गरेको कुराहरूको बारेमा मिडिया वा तेस्रो पक्षसँग बोल्न वा कुनै टिप्पणी अथवा विज्ञप्ति जारी गर्नु हुँदैन। उनीहरूले आफ्नो अवलोकनको बारेमा वा निष्कर्षको बारेमा कुनै तेस्रो पक्षलाई राय साझा गर्नुहुँदैन। उनीहरूलाई केही सोधिएको अवस्थामा आफू एम्नेस्टी इन्टरनेसनल नेपालको विरोध प्रदर्शन अवलोकनको टिमको सदस्य रहेको कुरा बताउँदै त्यसबाहेक अन्य सूचनाहरू एम्नेस्टी इन्टरनेसनल नेपालको सचिवालयबाट लिन सकिने कुरा भन्नुपर्छ।

२१. प्रहरी वा कानुन कार्यान्वयन गर्ने निकायहरूले मागेको खण्डमा अवलोकनकर्ताहरूले उनीहरूलाई अवलोकनकर्ताको परिचयपत्र प्रदान गर्नुपर्छ। अवलोकनकर्ताहरूले आफूले अवलोकन गरेका घटनाहरूबारे कुनै पनि जानकारी प्रदान गर्नुहुँदैन। उनीहरूले एम्नेस्टी नेपालको सचिवालयको सूचना एवं स्वीकृति बिना आफ्नो टिपोट वा बयान प्रहरीलाई प्रदान गर्नुहुँदैन।

२२. बाह्य पक्षहरू (प्रहरी तथा अन्य कानुन कार्यान्वयन गर्ने अधिकारी, प्रदर्शनकर्ता, मिडिया, असम्बन्धित बटुवाहरू)सँग गरिने कुनै पनि सञ्चार गैर-द्वन्द्वात्मक तरिकाले गर्नुपर्छ। केही परिस्थितिहरूले आफूलाई जङ्गाउन सक्छ तर अवलोकनकर्ताहरूले आफू सम्हालिएर उनीहरूसँग शान्त, स्पष्ट र वादविवादरहित तरिकामा कुराकानी गर्नुपर्छ।

२३. अवलोकनकर्ताहरूले प्रदर्शन अवलोकन तैनाथीको कुनै पनि पोस्ट वा फोटोहरू कुनै पनि सामाजिक सञ्जाल वा परम्परागत मिडियामा साझा गर्नुहुँदैन।

२४. अवलोकनकर्ताहरूले विरोध प्रदर्शनको कुनै पनि फोटो, भिडियो वा टिप्पणी कुनै पनि सामाजिक सञ्जाल वा परम्परागत मिडियामा साझा गर्नुहुँदैन।

## उत्पीडन र दुर्व्यवहारबाट सुरक्षा

२५. अवलोकनकर्ताहरूले यौन उत्पीडनको विषयमा शून्य-सहनशीलतालाई अवलम्बन गर्नुपर्छ। अवलोकनकर्ताहरूले आफ्नो भावभंगी, स्पर्श, नजर, शब्द छनोट, बोलीको ढाँचा, व्यवहार वा अभिव्यक्तिले यौनिक सङ्केत, कुनै पनि प्रकारको विभेद, आक्रमण वा उत्पीडन अभिव्यक्त गर्नु हुँदैन भन्ने कुरामा ध्यान दिनुपर्छ।

२६. अवलोकनकर्ताहरूले आफूले भोगेको वा देखेको विभेद, आक्रमण वा लैङ्गिक-यौनिक उत्पीडनको बारे एम्नेस्टी नेपालको सचिवालयमा लैङ्गिक विषयको फोकल पर्सनलाई रिपोर्ट गर्नुपर्छ। त्यस्ता रिपोर्ट वा उजुरीहरूउपर अत्यन्त गोप्य रूपमा कारबाही गरिनेछ।

## प्रदर्शन क्षेत्रबाट निस्किने कार्य

२७. प्रदर्शन स्थलबाट सुरक्षित स्थानतर्फ मात्र बाहिरिनुपर्छ। बाहिरिने कार्यको बारेमा एआई नेपाल सचिवालयलाई स्पष्ट रूपमा सूचित गर्नुपर्छ। अवलोकनकर्ताले आफू प्रदर्शनस्थलमा फर्कन चाहेको हो वा प्रदर्शनस्थलबाट पूर्णरूपमा बाहिर निस्किएको हो भन्ने बारे पनि जानकारी गराउनुपर्छ।

२८. अवलोकनकर्ताहरूलाई प्रदर्शन स्थलबाट निस्किनु अघि आफ्नो सामानको जायजा लिन प्रोत्साहित गरिन्छ।

२९. अवलोकनकर्ताहरूलाई आफू प्रदर्शन स्थलबाट निस्किएपश्चात आफूलाई कसैले पछ्याएको वा निगरानी गरिरहेको छ वा छैन भन्ने बारे विचार पुर्याउन प्रोत्साहित गरिन्छ।

## सचिवालयबाट सहयोगको माग गर्ने

३०. प्रहरी वा अन्य कानुन कार्यान्वयन गर्ने निकायहरूले निम्नमध्ये केही गरेमा अवलोकनकर्ताहरूले कानुनी सहायताको निम्ति एआई नेपाल सचिवालयको सहयोग लिनुपर्छः

- अवलोकनकर्तालाई पक्राउ गरे वा हिरासतमा लिए,
- अवलोकनकर्ताको प्रदर्शन अवलोकनको टिपोट, रेकर्डीङ्ग, फोटो वा व्यक्तिगत सामाग्रीहरू बरामद गरे,
- अवलोकनकर्ताहरूले अनुभव गरेका कुरा वा अवलोकनको निष्कर्षहरू साझा गर्न माग भए वा बाध्य पारिए,
- अवलोकनकर्ताहरूले आफ्नो उपस्थिति र गतिविधिहरूको बारे जानकारी प्रदान गर्दागर्दै पनि उनीहरूमाथि बल प्रयोग भए।

३१. अवलोकनकर्ताहरूले प्रदर्शन अवलोकनको क्रममा सामना गरेको कुनै पनि शारीरिक वा मानसिक स्वास्थ्य समस्याहरूको लागि तुरुन्तै चिकित्सकीय परामर्श लिनु आवश्यक छ। अवलोकनकर्ताहरूलाई भविष्यमा अवलोकन तैनाथीहरूको जोखिम मूल्याङ्कन र सम्भावित बीमा दावीहरूको लागि त्यस्ता घटनाहरू रिपोर्ट गर्न प्रोत्साहित गरिन्छ।

## सञ्चार टुटेको अवस्था

३२. मोबाइल फोन सिग्नलको प्रसारणलाई रोक्ने सञ्चार जामरको कारण टेलिफोन सञ्चार टुट्न सक्छ। अवलोकनकर्ताहरूले त्यस्ता सञ्चार जामरहरू देख्नासाथ् त्यस्ता सञ्चार जामरहरूको उपस्थितिको बारेमा एआई नेपाल सचिवालयलाई सम्पर्क गर्नुपर्छ र नियमित सञ्चारको निम्ति कम्तिमा प्रत्येक १५ मिनेटको अन्तरालमा टेलिफोन सिग्नलहरूको लागि आफ्नो मोबाइल फोन जाँच गर्नुपर्छ। यदि अवलोकनकर्ताहरूको मोबाइल सञ्चार (कल वा एसएमएस) वा मोबाइल डाटा

रोकिएको छ भने उनीहरूले त्यस्ता सञ्चार जामरहरूबाट कम्तिमा ५०० मिटर अझ टाढा जानुपर्छ, मोबाइल सञ्चारको जाँच गर्नुपर्छ र जामरहरूको प्रभावको बारेमा सञ्चार गर्नुपर्छ। मोबाइल सञ्चार अझ रोकिएको अवस्थामा अवलोकनकर्ताहरूले एक पटकमा कम्तिमा ५०० मिटर अझ टाढा गई, मोबाइल सञ्चारको जाँच गरी जामरहरूको प्रभावको बारेमा सञ्चार गर्नुपर्छ।




*तस्वीरः काठमाडौँमा अधिकारीहरूले प्रयोग गरेका सञ्चार जामर*

## स्वार्थको द्वन्द्व

३३. आफ्नो सहभागिताले आफूलाई प्रत्यक्ष वा कथित स्वार्थको द्वन्द्वको स्थितिमा पुर्याउने भए अवलोकनकर्ताहरूले सोको रिपोर्ट गर्नुपर्छ। अवलोकनकर्ताहरू त्यस्तो प्रत्यक्ष वा कथित स्वार्थको द्वन्द्वको कारणहरू खुलाउन बाध्य छैनन्। अवलोकनकर्ताहरूद्वारा गरिएको स्वार्थको द्वन्द्वको कुनै पनि संकेत एआई नेपाल सचिवालयले गोप्य राख्नेछ। प्रदर्शन अवलोकनकर्ताको रूपमा आफ्नो सहभागिताले प्रत्यक्ष वा कथित स्वार्थको द्वन्द्वको स्थितिमा राख्छ कि भनेर निर्धारण गर्दा निम्न विचारहरूलाई ध्यानमा राख्न आवश्यक छः

- आन्दोलनका आयोजक वा सहआयोजकहरूको सदस्यता वा सम्बद्धता,
- राजनीतिक दल, समूह वा तिनीसँग आबद्ध संगठनहरूको सदस्यता वा आबद्धता,
- राइट्स बेस्ड समूह, पीडित समुदाय, आन्दोलन वा नागरिक समाज संस्थासँग सदस्यता वा आबद्धता,
- प्रदर्शनकारीहरूमा परिवारका सदस्य, आफन्त, सहकर्मी, सहपाठी वा साथीहरूको उपस्थिति,
- माथि उल्लेखित संस्थाहरूका मुख्य व्यक्तिहरूसँग नजिकैको पारिवारिक सम्बन्ध,
- आन्दोलनकारीहरूको कारण वा मागप्रति जुनूनसहितको र सार्वजनिक समर्थन वा विरोध

## प्रदर्शनकर्ताहरूले अवलोकनकर्ताहरू उपर हिंसा गरेको अवस्थामा गर्नुपर्ने कार्य

३४. आफ्नो परिचय, आफूले गर्ने गतिविधि, गतिविधिको निष्पक्षता र त्यस गतिविधिहरूले प्रदर्शनकर्ताहरूको काममा अवरोध नपुग्ने कुरा व्याख्या गर्दागर्दै पनि वा त्यस्तो कुरा व्याख्या गर्ने मौका नै नदिई प्रदर्शनकर्ताहरूले अवलोकनकर्ताहरूउपर हिंसा गरेको अवस्थामा अवलोकनकर्ताहरूले त्यस स्थलबाट भागेर परिस्थितिअनुसार सुरक्षित स्थानमा पुग्नुपर्छ वा प्रहरी लगायतको कानुन कार्यान्वयन गर्ने निकायको सुरक्षित शरणमा जानुपर्छ, अवलोकन स्थगन गर्नुपर्छ र सो विषयमा एम्नेस्टी नेपाल सचिवालयलाई जानकारी दिनुपर्छ।

### कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले अवलोकनकर्ताहरूउपर बल प्रयोग गरेको अवस्थामा गर्नुपर्ने कार्य

३५. आफ्नो परिचय, आफूले गर्ने गतिविधि, गतिविधिको निष्पक्षता र त्यस गतिविधिहरूले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको काम कारबाहीमा अवरोध नपुग्ने कुरा व्याख्या गर्दागर्दै पनि वा त्यस्तो कुरा व्याख्या गर्ने मौका नै नदिई कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले अवलोकनकर्ताहरूउपर बल प्रयोग गरेको अवस्थामा अवलोकनकर्ताहरूले त्यस स्थलबाट भागेर परिस्थिति अनुसार सुरक्षित स्थानमा पुग्नुपर्छ, अवलोकन स्थगन गर्नुपर्छ र सो विषयमा एम्नेस्टी नेपाल सचिवालयलाई जानकारी दिनुपर्छ।

## भाग ५ विरोध प्रदर्शन अवलोकन मार्गदर्शन

### विरोध प्रदर्शन अवलोकनका क्रममा अवलम्बन गर्नुपर्ने मार्गदर्शक सिद्धान्तहरू

१. अवलोकनकर्ताहरूले विरोध प्रदर्शन अवलोकन गर्दा निम्न सिद्धान्तहरू अवलम्बन गर्नुपर्दछः

- एम्नेस्टी इन्टरनेसनल आन्दोलनको मूल्य,
- कानुनको प्रतिकूल नभई कानुनबमोजिम काम गर्ने,
- निष्पक्ष र स्वतन्त्र रहने,
- निष्पक्षता भन्नाले तटस्थता होइन — मानवअधिकार उल्लङ्घनका घटनाहरूको रिपोर्टिङ्ग गर्ने,
- रिपोर्टिङ्ग गर्दा वस्तुनिष्ठ हुने - आफ्नो धारणामा आधारित निष्कर्ष नभई तथ्यहरू रिपोर्ट गर्ने,
- देखिने गरी काम गर्ने, खुलापन र पारदर्शिता अवलम्बन गर्ने,
- सुरक्षा तथा र शारीरिक मानसिक भलाइको बारेमा ध्यान दिने,
- गोपनीयता र डाटा सुरक्षाको सम्मान गर्ने,
- यौन हिंसा र भेदभाव विरूद्ध शून्य सहनशीलता अवलम्बन गर्ने।

## वस्तुनिष्ठता

२. पर्यवेक्षकहरूले आफ्नो ज्ञानेन्द्रियहरू मार्फत प्रत्यक्ष रूपमा अनुभव गरेका कुराहरू मात्रै दस्तावेज गर्नुपर्छ। यद्यपि डिब्रीफिङ अवधिमा विभिन्न पर्यवेक्षकहरूले अनुभव गरेका तथ्यहरूलाई दाँजेर रिपोर्टिङ्ग गर्न मिल्छ।

३. सुनि जान्ने कुराहरू (आफ्नै ज्ञानेन्द्रियहरूले अनुभव नगरेको तर अरूले यस्तो भयो भनि आफूलाई सुनाएको) लाई सुनिजानेको कुरा भनी दस्तावेजीकरण गर्नुहोस्। उदाहरणको निम्ति "*रामबहादुरले.... (यस्तो उस्तो)....भने तर उक्त कुरा प्रमाणित भएको भने छैन*"। सुनिजान्ने कुरा प्रमाणित भएको अवस्थामा "*रामबहादुरले ..(यस्तो उस्तो).. भने र प्रमाणित गर्दा अन्य तीनजनाले ....(यस्तो उस्तो).... कुरालाई पुष्टि गरे*" *अथवा* "*रामबहादुरले ....यस्तो उस्तो.... भने र प्रमाणित गर्दा ....यस्तो उस्तो.... देखियो*" लेख्नुपर्छ।

४. अवलोकनकर्ताहरूले रिपोर्टिङ्ग गर्दा मानवअधिकार उल्लङ्घन भएको हो वा होइन भनेर विश्लेषण पेश गर्नुहुँदैन। अवलोकनकर्ताहरूले आफ्नो विश्लेषण वा आग्रह/पूर्वाग्रह पेश नगरी केवल तथ्यहरूको रिपोर्टिङ्ग गर्नुपर्दछ।

## अवलोकन गर्ने विषयहरू

५. अवलोकनकर्ताहरूले निम्न विषयहरू अवलोकन गर्नुपर्दछः

- अनुमान गरिएको वा गनिएको प्रदर्शनकारीहरूको संख्या,
- विभिन्न कानुन कार्यान्वयन गर्ने निकायहरूको उपस्थिति र उपस्थित अधिकारीहरूको पद,
- अनुमान गरिएको वा गनिएको कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको संख्या,
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग रहेको घातक तथा कम घातक उपकरण तथा हतियारहरू,
- कानुन कार्यान्वयन गर्ने निकायहरूको हाउभाउ र रवैया,
- भड्काउ तथा साम्य पार्ने पोजिसन, भावभंगी, वचन,
- प्रदर्शनमा सहभागी व्यक्तिहरूको तर्फबाट भएको हिंसा.
- कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको चेतावनी,

- बलको प्रयोग,
- बल प्रयोगको अवस्थातर्फ पुर्याएको परिस्थिति, बल प्रयोग गर्दागर्दैको अवस्था,
- बल प्रयोगमा प्रयोग भएका हतियार तथा उपकरणहरूको प्रकृति र किसिम,
- प्रदर्शनकारीहरू तितरवितर हुने, प्रदर्शन अन्त्य हुने, प्रदर्शनकारीहरू भड्किने, मानिसहरू घाइते हुने वा मृत्यु हुने लगायत बल प्रयोगको नतिजा,
- बल प्रयोग पश्चात प्रहरीको काम कारबाही,
- कानुन कार्यान्वयन गर्ने निकाय तथा प्रदर्शनकारीहरूको प्रतिविरोध प्रदर्शनकारी र असम्बन्धित बटुवाहरू तर्फको रवैया,
- प्रतिविरोध प्रदर्शनकारी र असम्बन्धित बटुवाहरूको कानुन कार्यान्वयन गर्ने निकायहरूको तथा प्रदर्शनकारीहरूप्रतिको रवैया,
- प्रदर्शनकारीहरूलाई सानो परिधिभित्र सीमित गरेर राख्न कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले प्रयोग गरेको रणनीति,
- भनाभन, गालीगलौच तथा झडप।

## प्रारम्भिक टिपोट

६. अवलोकनकर्ताहरूले प्रदर्शनका घटनाहरू आफ्नो मस्तिस्कले टिपोट गरी नियमित अन्तरालमा मात्रै लिखित टिपोट लिने गर्नुपर्दछ।

## अडियो र भिडियो रेकर्ड गर्ने र फोटो खिच्नेसम्बन्धी

७. अवलोकनकर्ताहरूले आफूले रिपोर्टिङ्ग गर्नुपर्ने तथ्यहरूलाई समर्थन गर्ने प्रयोजनको लागि प्रदर्शन अवलोकनको अडियो र भिडियो रेकर्ड गर्न वा फोटो खिच्न मिल्छ। रेकर्ड गरिएको अडियो र भिडियो वा खिचिएको फोटोलाई कुनै तेस्रो पक्ष वा सार्वजनिक रूपमा पहुँच गर्न सकिने अनलाइन वा अफलाइन स्थान वा प्लेटफर्ममा साझा गर्नु हुँदैन। रेकर्ड गरिएका अडियो र भिडियो तथा खिचिएका फोटोहरू एम्नेस्टी नेपालको सचिवालयमा पठाएपश्चात उक्त अडियो र भिडियो तथा खिचिएका फोटोहरूको प्रयोजन सकिएपछी अवलोकनकर्ताहरूले आफ्नो डिभाइसबाट डिलिट गर्नुपर्ने हुन्छ।

८. रेकर्ड गरिएका अडियो र भिडियो तथा खिचिएका फोटोहरूको डिजिटल सुरक्षाको निम्ति अवलोकनकर्ताहरूले आवश्यक सतर्कता अवलम्बन गर्नुपर्छ। उक्त अडियो, भिडियो तथा फोटोहरूको गोपनीयता कानुन कार्यान्वयन गर्ने निकाय वा कुनै तेस्रो पक्षले उल्लङ्घन गरेको खण्डमा अवलोकनकर्ताले एम्नेस्टी नेपाल सचिवालयलाई तुरुन्तै जनाउ दिनुपर्नेछ।

## डिब्रिफिङ

९. जोखिम व्यवस्थापनको दृष्टिकोणले प्रदर्शनको स्थलबाट तुरुन्तै निस्कनुपर्ने अवस्थामा बाहेक अवलोकनकर्ताहरूले प्रदर्शन स्थलबाट निस्किएपछि आपसी डिब्रिफिङ सेसनको निम्ति एक सुरक्षित स्थानमा भेला हुनुपर्छ। उक्त डिब्रिफिङ सेसनमा अवलोकनकर्ताहरूले पूर्ण र विस्तृत तथ्यको निम्ति आफूले अनुभव गरेका कुराहरू छलफल गरी तथ्यगत सहसम्बन्धहरू स्थापित गर्नुपर्दछ।

## अवलोकन फारम भर्ने कार्य

१०.एम्नेस्टी नेपालको सचिवालयले प्रदान गरेको ढाँचाको आधारमा अवलोकनकर्ताहरूले अवलोकन फारम भर्नुपर्ने छ। त्यसरी भरिएको फारम अवलोकनकर्ताले अवलोकन गरेको मितिले दुई कार्य दिन भित्र एम्नेस्टी नेपालको सचिवालयमा प्रेषित गर्नुपर्नेछ।

# भाग ६ नमूना विरोध प्रदर्शन अवलोकन फारम

## विरोध प्रदर्शन अवलोकन फारम

**नामः** **मितिः**

**स्थानः**

अवलोकनकर्ताको आगमनको समय: अवलोकनकर्ता फर्किएको समय:

बीचमा लिइएको ब्रेक टाईमः

## विरोध सभा

---

आयोजक(हरू) र तिनका मुख्य मागहरूः

---

स्थीर वा गतिशील (स्थिर भए भेलाको परिधि र चलायमान भए रूट उल्लेख गर्नुहोस्)

---

भेलाका सहभागीहरूको संख्या (गणना गरिएको वा अन्दाज गरिएको) (समयअनुसार संख्यामा परिवर्तन भए सो पनि उल्लेख गर्नुहोस्)

---

भेलामा अभिव्यक्त गरिएको स्लोगन, नारा, ब्यानर

---

भेलाका सहभागीहरूको हाउभाउ (सामान्यतया, अधिकारीहरूप्रति, अवलोकनकर्ताहरूप्रति, तेस्रो पक्ष/बटुवाहरूप्रति)

---

समयक्रम अनुसारका घटनाहरूको विवरण

## विरोध प्रदर्शन नियमन

---

खटिएका कानुन कार्यान्वयन गर्ने निकायहरू, उनीहरूको संख्या (गणना गरिएको वा अन्दाज गरिएको) र स्थलमा कमाण्ड गर्ने अधिकारीको पद (समयअनुसारको परिवर्तन पनि उल्लेख गर्नुहोस्)

---

कानुन कार्यान्वयन गर्ने निकायहरूको स्वरूप, व्यवस्था, अवस्थिति, प्रदर्शकहरूबाट उनीहरूको दुरी (समयअनुसारको परिवर्तन पनि उल्लेख गर्नुहोस्)

---

कानुन कार्यान्वयन गर्ने निकायहरूसँग रहेका उपकरणहरू [हेल्मेट, रक्षा ढाल, सानो बन्दुक(पिस्तोल), लामो बन्दुक, लाठी, रक्षा कवच, टेजर (करेन्टको झट्का लगाउने यन्त्र), ग्याँसको *क्यानिस्टर*, पानीको फोहोरा फाल्ने यन्त्र]

---

प्रहरीको कर्डन र ब्यारिकेड रहेको स्थान। ती कर्डन र ब्यारिकेडले के रोकिराखेका थिए (ट्राफिक, प्रदर्शनकारीहरूलाई कुनै स्थान जानबाट, प्रदर्शनस्थल संकुचित पार्न)?

---

कानुन कार्यान्वयन गर्ने निकायहरूको मनोवृत्ति (सामान्यतया, प्रदर्शनकारीहरूप्रति, अवलोकनकर्ताहरूप्रति, दर्शक वा बटुवाहरूप्रति)

## घटनाक्रम

| |
|---|
| कानुन कार्यान्वयन गर्ने अधिकारीहरू वा प्रदर्शनकारीहरूले गरेका भड्काउपूर्ण टिप्पणी, अभिव्यक्ति वा कार्यहरू भएमा उल्लेख गर्नुहोस् |
| कानुन कार्यान्वयन गर्ने अधिकारीहरू र प्रदर्शनकारीहरूबीच द्वन्द्वको अवस्थालाई न्यूनीकरणको निम्ति वार्ताहरू भएको भए उल्लेख गर्नुहोस् |
| भेलाका सहभागीहरूद्वारा हिंसा भएमा सो विरूद्ध कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले गरेको प्रतिकार्यका बारेमा उल्लेख गर्नुहोस् |
| बल प्रयोग भएमा बल प्रयोग अघिका घटनाहरू, बल प्रयोगसम्म पुर्याउने घटनाहरू र बल प्रयोगका विधि र साधनहरूका बारेमा उल्लेख गर्नुहोस् |

| |
|---|
| बलको प्रयोग पश्चातको अवस्था (तितरबितर, घाइते, प्रदर्शनकारीहरूको प्रतिक्रिया आदि) |
| हिरासतमा राखिएको अवस्था (हिरासतमा लानु अघिका घटनाहरू, हिरासतमा लाने स्थितिसम्म पुर्‍याउने घटनाहरू, कतिजनालाई र कस-कसलाई हिरासतमा लगियो?) |
| लैङ्गिक संवेदनशीलतालाई ख्याल गरियो वा गरिएन (महिला प्रदर्शनकारीलाई नियमन गर्ने प्रयोजनको निम्ति महिला प्रहरीको तैनाथी आदि) |
| अवलोकनकर्ताहरूलाई गरिएको अनावश्यक प्रश्न, बन्देज, हैरानी वा दुर्व्यवहार |

# अवलोकनकर्ताको नोट तथा घटनाको सिलसिलेवार विवरण

## नक्सांकन

नक्सांकन गरी निम्नानुसारका कुराहरूको जनाउ दिनुहोस्:

| | |
|---|---|
| ➢ क्षेत्रको साधारण नक्सांकन, मुख्य/ल्याण्डमार्क ठाउँहरू<br>➢ कानुन कार्यान्वयन गर्ने निकायहरू तैनाथ रहेका ठाउँहरू<br>➢ प्रहरी कर्डन, तारबार र उपकरणहरूको स्थान | ➢ प्रदर्शनकर्ताहरू रहेको ठाउँ<br>➢ अवलोकनकर्ताहरू रहेको ठाउँ (आफू र सहकर्मीहरू; कृपया ठाउँ सर्नु भएको अवस्थामा सो पनि उल्लेख गर्नुहोस्)<br>➢ टिपोट गर्न योग्य घटनाहरू भएको ठाउँहरू (वार्ता, बल प्रयोग, हिंसा सुरु भएको स्थल, आदि) |

एम्नेस्टी
इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल, नेपाल शाखा
एम्नेस्टीमार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल
मोबाइल नं. ००९७७ ९८५१३३६९९६
फोन नं. ००९७७ १ ४९६४७०६/४९६५४३१

info@amnestynepal.org
www.amnestynepal.org
amnestynepal
amnestynepal
amnestynepal